# सार्वजनिक सुनुवाई पहिलो चौमासिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१।०८२

## ढोरपाटन नगरपालिका

## बुर्तिबाङ, बागलुङ

द.नं. प्र२॥५१
२०८१।११।१२

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# सार्वजनिक सुनुवाई रिर्पाट ढोरपाटन नगरपालिका २०८१/०८२

सार्वजनिक सुनुवाई कार्यक्रम विशेषत : ढोरपाटन नगरपालिकाको समग्र पालिका तथा वडामा आर्थिक बर्ष २०८१/०८२ मा विनियोजन बजेट तथा योजना कार्यक्रमका सन्दर्भमा पालिकाका नागरीकले पालिकाको कार्यक्रम थाहा पाउन र वडा तथा पालिकामा भइरहेका गतिविधीमाथि नागरीकले आफनो सुझाव, सल्लाह, गुनासो एवम प्रतिकृया राख्न पाउने अधिकारको सुनिश्चित गर्नका निम्ती सार्वजनिक सुनुवाई कार्यक्रम भएको छ । चौमासिक रुपमा हुनुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रमलाई पालिका स्तरमा ढोरपाटन नगरपालिका सार्वजनिक सुनुवाई कार्यविधी २०८१ अर्न्तगत रहेर सम्पन्न गरीएको हो ।

यो कार्यक्रमले जनता र जनप्रतिनिधी तथा सेवा प्रव ाह गर्ने निकाय विचको दुरी नजिक बनाउँदै पालिका तथा वडा तहबाट भइरहेका गतिविधीमाथि जानकारी राख्न पाउने र कहिँ कतै जनताको समस्या, सम्बोधन हुन नसकेका अनियमितता कानुन विधी पद्धती वाहिर रहेका गतिधिीलाई सुधार गरी समृद्ध ढोरपाटन नगरपालिका निर्माण अभियानमा सार्वजनिक सुनुवाई कार्यक्रमले महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । जनताको मनभित्र दविएका र दवाईका वास्तविक समस्या र गुनासो पोख्ने माध्यमका रुपमा समेत यो कार्यक्रमले टेवा पुऱ्याएको छ ।

## पृष्ठभुमी:

सेवा प्रदायक सरकारी निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरी नगरपालिकाका जनता अर्थात सेवाग्राहीलाई समग्र विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउने, नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयनको अवस्था र कार्यालयले प्रदान गर्ने सेवा सम्बन्धमा पारदर्शिता कायम गरी जनता प्रतिको उत्तरदायित्व, जिम्मेवारी र जनप्रतिनिधिहरुको जवाफदेहिताको पद्धतिलाई विकास गर्न साथै विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्धेश्यका साथ सार्वजनिक सुनुवाई कार्यविधि २०८१ ले निर्देश

गरे बमोजिम ढोरपाटन नगरपालिकाको कार्यालय र सामुदायिक रेडियो ढोरपाटन १०४.१ मेगाहर्ज बीच भएको सम्झौता अनुसार पालिकाले तोकेको निर्धारित समयमा प्रथम चौमासिक सम्मको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

र २०८१ माघ २८ गते ढोरपाटन नगरपालिका वडा नम्बर ६ गाडीखोलामा नागरिकको प्रत्यक्ष सहभागितामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

जनताका आशा, अपेक्षा, जनताको रचनात्मक सुझाब , भइरहेका विकास निर्माण र पालिकामा भइरहेका प्रभावकारी काम र जनताका प्रतिनिधीको ध्यान पुग्न नसकेको क्षेत्रको विषयमा जनताको माध्यमबाट त्यस क्षेत्रको विकाश र समृद्धि हासिल गर्ने र जनप्रतिनिधीको भुमिका लाई थप ध्यानाकर्षण गराउँदै जनता र जनप्रतिनिधी एव्म स्थानिय सरकारको दायित्व र भुमिकालाई नजिक ल्याउने उदेश्य स्वरुप ढोरपाटन नगरपालिकाको ९ वटै वडाका नागरिकलाई सहभागि गराउने र उनिहरुको सुझाब, सल्लाह, प्रतिकृयालाई समेट्दै थप समुन्नत नगरपालिका बनाउने अभियानमा सक्रिय रुपमा अपनत्व गराउँदै टोल टोलमा पुगेर नागरिक प्रतिवेदन तयार गरिएको हो । साथै जनता र जनप्रतिनिधी विच छलफल, भेटघाट एवम सुझाब, सल्लाह, अपेक्षा, तथा जनप्रतिनिधी विचको धारणा सँकलन गरी जनताले पाउनु पर्ने सुचनाको हक र जनताको बोल्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वडा नम्बर ६ कार्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

## उद्देश्य :

नगरपालिका वडा कार्यालय र विषयगत कार्यालयवाट सन्चालित आर्थिक वर्षको माघ महिनाको दोश्रो हप्ता सम्मको विकास कार्यक्रमबाट उपलब्ध प्रगति, पालिकाको कार्यालयबाट प्राप्त सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा

सार्वजनिक थलोमा सेवाग्राही नागरीक एवम् कृषकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र उनीहरुबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा पालिकावासीले देखाएको चासो र चिन्ता प्रति संवेदनशिल हुने उद्धेश्य यो सार्वजनिक सुनुवाई कार्यक्रम थप परिमार्जित रुपले सञ्चालन गरीएको छ ।

कार्यक्रममा समग्र नगरपालिकामा भइरहेको काम, जनप्रतिनिधीको भुमिका, विकास निर्माण र अवका दिनमा सुधारउन्मुख पक्ष र सुधार गर्नुपर्ने पक्षका विषयमा स्थानिय क्षेत्रका नाागरीकको आवाज जस्ताको त्यस्तै सँकलन गर्ने, जनप्रतिनिधीलाई ध्यानाकृष्ट गराउँदै जवाफदेहि बनाउने स्थानिय सेवा ग्राही नागरीकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा सम्बन्धित पालिका तथा जनप्रतिनिधी र कर्मचारीलाई जनताको चासो, चिन्ता र उनिहरुको सुझाब सल्लाह एवम सकारात्मक भनाईको विषयमा जानकारी गराउँदै नागरीकको चासो र चिन्ता प्रति संवेदनशिल बनाउँदै आगामि दिनमा यस पालिका र वडा तहमा विकास र जनताको निम्ती हरेक क्षेत्रमा पाउनु पर्ने सेवा सुविद्याको विषय प्रभावकारी बनोस भन्ने हो ।

साथै निकै सँघर्षका साथ जनताको निम्ती र ग्रामिण क्षेत्रको विकाशका निम्ती ढोरपाटन नगरपालिकाका नागरीकको हक, अधिकार र समृद्धिको क्षेत्रमा विकास भयो या भएन, स्थानिय तह पहिले र अहिलेको अवस्था लगाएतका सन्दर्भमा कार्यक्रम प्रभावकारी र पारदर्सि भयो या भएन भन्ने बिषय मुख्य उदेश्य अन्र्तगत रहेको छ । सार्वजनिक थलोमा सेवाग्राही नागरीक, कृषक, युवा वर्ग, लगाएत स्थानीय नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र उनीहरुबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी भावि योजना निर्माणको क्रममा पालिकावासीले देखाएको चासो र चिन्ता प्रति संवेदनशिल हुने उद्धेश्य यो सार्वजनिक सुनुवाई कार्यक्रम परिमार्जित रुपले सञ्चालन गरीएको छ ।

**कार्यक्रमको मिति र स्थान :**

ढोरपाटन नगरपालिका कार्यालयसंगको सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक चौमासीकमा सार्वजनीक सुनुवाई गर्ने नियम अनुसार यस चौमासिकको सार्वजनिक सुनुवाईका कार्यक्रम निम्न मिति र समयमा निम्न बमोजिम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

| क्र.स. | सम्पन्न मिति | स्थान |
|---|---|---|
| १. | २०८१ माघ २८ गते | वडा नम्बर ६ को कार्यालय गाडीखोला |

**कार्यक्रम संचालन प्रकृया:**

सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको लागि निम्न प्रकृया अवलम्वन गरिएको थियो ।

क)नगरपालिका वडा कार्यालय र विषयगत तथा वजेट कार्यान्वयनका सन्दर्भमा जनता सँग पुगेर नागरिक प्रतिवेदन र वर्हिगमन अभिमत संकलन गर्दे सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुनुपुर्व १५ दिन अगाबै त्यसको तयारी गर्ने, एफएम रेडियो, अनलाईन र फेसबुक मार्फत सुचना, समाचार प्रवाह गर्ने, प्रत्यक वडाका जनप्रतिनिधी, टोल विकास संस्थाबाट सार्वजनिक सुनुवाई कार्यक्रमको विषयमा जानकारी गराउँदै कार्यक्रम सम्पन्न गरिएको छ ।

ख) सहभागिहरुको छनौट र उपस्थिति ।

ग) प्रचार प्रसार (सुचना संप्रेषण) ।

घ) सहजकर्ता (मोडरेटर) को छनौट

ङ) गत आ.ब.को सार्वजनिक सुनुवाईको प्रतिवेदन अध्ययन र यस आर्थिक वर्षको हालसम्मको प्रगति

च) कार्यक्रम स्थलको तयारी ।

छ) कार्यक्रमको बारेमा जानकारी ।

ज) आचार संहिताको बारेमा जनकारी ।

झ) सहभागीहरुबाट तोकिएको बिषयमा मौखिक प्रश्नहरु संकलन र तत्काल सवाल जवाफको वातावरण निर्माण

ञ) कार्यालयका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने

ट) स्पष्टता पछि थप जिज्ञासाको आह्वान

**वर्तमान अवस्थामा ढोरपाटन नगरपालिका :**

बागलुङ जिल्लाको पश्चिम क्षेत्र प्रर्यटकिय हिसावले प्रचुर सम्भावना बोकेको निसी भुजी र तमानको संगम बुर्तिबाङ बजार हुँदै प्रर्यटकिय गन्तब्य ढोरपाटन सम्म पुग्न सकिने यस ढोरपाट नगरपालिका अत्यन्तै सुन्दर र विकास निर्माणले अगाडी बढ्दै गएको पाइन्छ। पहाडि भुभागमा रहेको पालिकामा ब्राहमण, क्षेत्री, दलित, जनजाती, लगाएत विभिन्न जातजातीका मानिसहरु मिलेर बस्दै आएका छन । विकासका पुर्वाधार शिक्षा, स्वास्थ्य, सडक खानेपानी, सञ्चार क्षेत्रमा समेत पछि परिरहेको पालिका स्थानिय तह सँरचना पश्चात निकै अगाडी बढिरहेको पाइएको छ। साविकको बुर्तिबाङ, अधिकारीचौर, बोबाङ र खुँगा गाविस मिलेर ९ वटा सहित ढोरपाटन नगरपालिका बनेको हो। स्थानिय तह पुनर सँरचना पश्चात जनताको अति आवस्यक सेवा सुविधा र विकास निर्माणलाई जोड दिएको गाउँपालिकाले खानेपानीको पहुँच ७५ प्रतिशत जनता माझ पुर्‍याएको छ। शिक्षा, सञ्चार, यातायातमा समेत उत्तिकै लगानी गरीरहेको अवस्थामा स्वास्थ्य क्षेत्रलाई समेत महत्वपूर्ण प्राथमिकता दिइरहेको पाइएको छ। यस वर्ष नगरपालिकाले स्वास्थ्य, शिक्षा, खानेपानी, प्रर्यटन र कृषि, पोषण, खोप कार्यक्रम, शैक्षिक गुणस्तर बृद्धि लगाएतका क्षेत्रमा प्रर्याप्त लगानी गरेको पाइन्छ।

गाउँ गाउँ वस्ति वस्तिमा पुग्दा जनताले पालिकाले श्रोत र साधनले भ्याए सम्म आफनो कार्यसम्पादन गरी जनताको मन जितेको बुझ्न सकिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिता:**

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

उल्लेखित सार्वजनिक सुनुवाई कार्यक्रममा निम्नानुसारको सहभागिता रहेको थियो ।

. पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा जम्मा सहभागिता

१) वडा नं. ६ गाडीखोलामा ७५ जना नागरिकको सहभागिता रहेको थियो ।

**गाउँपालिका बासिको तर्फदेखि आफनो जिज्ञासा धारणा राख्ने व्यक्तिहरु**

**वडा नं. ६ गाडीखोलामा पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम** : ढोरपाटन नगरपालिका वडा नम्बर ६ मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा ढोरपाटन नगरपालिकाका कार्यवाहक मेयर धन बहादुर कायतको अध्यक्षता, वडा अध्यक्ष उमेश बुढाको स्वागत मन्तव्य रहेको कार्यक्रमा प्रमुख प्रशासकिय अधिकृत चिरञ्विजी घिमिरे, वडा नम्बरब १ का अध्यक्ष वान बहादुर छन्त्याल, वडा नम्बर २ का अध्यक्ष भेक बहादुर खत्री, वडा नम्बर ३ का अध्यक्ष खिम बहादुर सुनार, वडा नम्बर ५ का अध्यक्ष दिपेन्द्र पुन मगर, वडा नम्बर ७ का अध्यक्ष धन बहादुर अदै, कार्यपालिका सदस्यहरु विमला महत, तुल्सी बिक, निम कुमारी भण्डारी, इन्द्र कुमारी सिर्पाली, कुल बहादुर छन्त्याल, लगाएत वडा सदस्य, राजनैतिक दलका प्रतिनिधी, विषयगत शाखाका प्रमुखहरु प्रशासन साखा प्रमुख प्रकाश गैरे, शिक्षा शाखा गणेश बहादुर रावल, स्वास्थ्य शाखा भुमिश्वर शर्मा, रोजगार संयोजक हिरालाल खनाल, प्राविधिक ध्वज साउँद,लेखा शाखा प्रतिक घर्ति न्यायिक समिती सदस्य तम बहादुर घर्ती, गोपाल महत लगाएतका शाखा प्रमुखको उपशिथती रहेको थियो । ७५ जना भन्दा बढि नागरिकको सहभागिता रहेको सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकले निर्धक्क रुपमा आफनो प्रश्न, जिज्ञासा, गुनासो र सुझाब व्यक्त गरेका थिए ।

प्रमुख प्रशासकिय अधिकृत चिरञ्जिवी घिमिरेद्धारा पालिकाबाट माघ महिना सम्म भए गरेका विकास निर्माण, सेवा प्रवाह, शुसासन र बजेट योजनाका सन्दर्भमा आफनो प्रतिबदेन मुलक सामाग्रि प्रस्तुत गर्नूभएको थियो । जसमा कुल बजेट ६८ करोड मध्ये ३९.४१ प्रतिशत वित्तिय प्रगती भएको जनाइएको थियो । जसमा चालु तर्फ ४०.०६ र पुँजीगत तर्फ ३८.३१ प्रतिशत खर्च भएको पाइएको हो । १८६ कुल योजना मध्ये १०५ योजना सम्झौता भइ निर्माणको चरणमा अगाडी बढेको २७ वटा योजनाको फरफारक भएको जसमा ६ वटा योजना टेण्डर मार्फत अगाडी बढाइएको पाइएको हो । पालिकामा ८५० व्यवसाय नविकरण भएको १०८

व्यवसाय नयाँ दर्ता भएको पाइएको हो । पालिकाको आन्तरिक आय तर्फ ९० लाख ६२ हजार आम्दानी भएको पाइएको छ ।

त्यस्तै  खुल्ला सत्रको कार्यक्रममा कार्यक्रममा सहजकर्ता छविलाल पाण्डेद्वारा नागरिक अभिमत र वर्हिगमन प्रतिवेदन पत्र संगै कार्यक्रमको आचार संहितको विषयमा धारणा प्रस्तुत गर्नुभएको थियो ।

**खुल्ला सत्रमा सहभागिको तर्फबाट धारणा राख्ने व्याक्ति तथा राय**

सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय तेजिन्द्र थापा, मन बहादुर भण्डारी, ज्ञान बहादुर सिर्पाली, गुञ्जमान घर्तिमगर, पूर्ण बहादुर वि.क., बोम बहादुर बुढा, सुरज बिक, भिम कुमारी भण्डारी, दम बहादुर कामी, दिपक बुढा मगर लगाएत डेद दर्जन व्याक्तिले आफनो प्रश्न, जिज्ञासा र गुनासो व्यक्त गरेका थिए ।

सहभागिबाट सालझण्डी ढोरपाटन सडक खण्ड समयमा बन्न नसकेको, ढोरपाटन उपत्यकामा आर्मिले नागरिकबाट अनावस्यक कर उठाउने गरेको, ढोरपाटनमा सिकार आरक्षले मध्यवती घोषणा गर्न खोज्दा स्थानीयको बसाई उठ्न सक्ने खतरा रहेको, एक घर एक खानेपानी धारा निर्माण हुनुपर्ने, शिक्षाको गुणस्तर उकास्न महत्वपूर्ण कार्यक्रम ल्याउनुपर्ने, कृषि र प्र्यटन क्षेत्रलाई बढि प्राथमिकता दिएर अगाडी बढ्नुपर्नेमा स्थानीयले सुझाब दिएका छन ।

स्वास्थ्य संस्थामा औषधि अभाव भएको, नदिजन्य बस्तु उत्खनन्मा लाइसेन्स लिएर मात्र टेण्डर मार्फत अगाडी बढाउनु पर्ने, कृषि उत्पादनमा बृद्धि गरी बाह्य आयातलाई रोक्ने कार्यक्रम बनाउनु पर्ने, ढोरपाटन सिकार आरक्षले रोकेको गाडीखोला ढोरपाटन सडक खुलाउन पहल गर्नुपर्ने, नगरपालिकामा आवस्यक भन्दा बढि कर्मचारी राखिएको, सूचनाको हक अर्न्तगत पालिकाबाट नागरिकले प्राप्त गर्ने सूचना समयमा दिन नसकेको, ग्रामिण क्षेत्र विरौटा, माटेगाउँ, ओखेनीमा खानेपानी अभाव भएपनी ध्यान दिन नसकिएको, ग्रामिण क्षेत्रमा केन्द्रिय विधुत आवस्यक रहेको, विधालयमा शैक्षिक र भौतिक व्यवस्थापन गर्न नियमित अनुगमन आवस्यक रहेको धारणा राखेका छन ।

सहभागिले बढि मात्रामा गुसानो भन्दापनी सुझाव दिएका छन  ।  उनिहरुले समृद्ध ढोरपाटन नगरपालिका बन्नका निम्ती स्थानीय सरकारले दुर्गम क्षेत्रको विकासलाई प्राथमिता दिनुपर्नेमा जोड दिएका हुन । कार्यक्रममा ढोरपाटन नगरपालिका कार्यवाहक मेयर धन बहादुर कायतले नागरिकको प्रश्न, जिज्ञासा र सुझावको विषयमा आफनो प्रतिकृया राख्दै नागरिकको हक

अधिकार संगै सबै क्षेत्रको विकासका निम्ती नगरपालिकाले काम गरिरहेको बताउँदै यहाँको शिक्षा, स्वास्थ्य, विधुत, खानेपानी जस्ता विकासका पूर्वाधारमा नगरपालिकाले आवस्यकताका आधारमा काम गरिरहेको बताउनु भयो । सालभ्रूण्डी ढोरपाटन सडक आयोजना निर्माण कम्पनी र राज्यकै कमजोरीका कारण समयमा नभएको बताउँदै यस बर्ष पटक पटक ताकेता गर्दा केहि मात्रामा काम भइरहेको बताउनु भयो। खानेपानी अभाव रहेका क्षेत्रमा खानेपानी पुर्‍याउन कार्यक्रम ल्याइने, ढोरपाटन क्षेत्रको विकासका निम्ती पर्यटन प्रर्वधनका कार्यक्रम अगाडी बढाइएको बताउनु भयो ।

ढोरपाटन सालभ्रूण्डी आयोजना संघिय सरकारको आयोजना भएका कारण स्थानीय तहले बजेट रान्न नमिल्ने भएका कारण आफुहरुपनी नागरिकको समस्या प्रति चिन्तीत रहेको बताउँदै निरन्तर निर्माण कम्पनी र आयोजनालाई ध्यानाकर्षण गराइरहेको बताउनु भयो । त्यस्तै ढोरपाटन क्षेत्रको विकासका निम्ती संघ र प्रदेश सरकार संग पहल भइरहेका कारण गुरुयोजना बनाएर अगाड बढिने बताउनु भयो ।

ढोरपाटन उपत्यकामा पुग्दै गर्दा आर्मिले प्रति व्याक्ति एकसय राजश्व संकलन गर्ने गरेको स्थानीयको गुनासो प्रति मेयर कायतले बोल्दै स्थानीय सरकार संग सरोकार नराखी सिकार आरक्षको आग्रहमा नागरिकबाट राजश्व उठाइएको बताउँदै त्यसका निम्ती आफुले पटक पटक ध्यानाकर्षण गराइरहेको बताउनु भयो । कार्यक्रममा नागरिकले उठाएको प्रश्नको सन्दर्भमा कर्मचारी समयमा कार्यालयमा नभएको, एकै कामको निम्ती धेरै पटक दुख पाउनु परेको, साना योजनाको सम्भ्रौता, फरफारक प्रकृया वडाबाटै हुनुपर्ने विषयमा समेत चासो दिइएको छ । यस विषयमा प्रमुख प्रशासक्रिय अधिकृत चिरञ्जिवी घिमिरेले बोल्दै कर्मचारी नभएको खण्डमा मात्र सेवा ग्राहीलाई सास्ति भएको हुनुपर्ने अन्यथा कुनै पनी कर्मचारी नहुँदा पनी कार्यवाहक दिएर कार्यसञ्चालन भइरहेको, शिक्षा क्षेत्रको विकासमा अभिभावक, विद्यालय र सरकार बिच त्रिपक्षीय समोन्यबाट अगाडी बढ्नुपर्ने, अति आवस्यकताको आधारमा योजना छनौटलाई प्राथमिकता दिएर योजना र विकास अगाडी बढेको बताउँदै कर्मचारीले नियतबस दुख दिन खोजे आफुलाई भन्न आग्रह गर्दै साना योजनाको सहज भुक्तानी प्रकृयाको विषयमा बोल्दै सबै प्रकृया पुरा गर्नुपर्ने भएका कारण केहि भ्रूण्भ्रूटीले भएपनी सामान्य कुरालाई गम्भिर नलिन आग्रह गर्नुभयो । त्यस्तै स्वास्थ्य संयोजक भुमिश्वर शर्माले २२ लाख बजेट विनीयोज गरेर औषधि खरिद प्रकृया अगाडी बढेको बुर्तिबाङ स्वास्थ्य चौकीमा ७० प्रतिशत औषधि खपत हुँदा स्वास्थ्य चौकी र इकाइमा समस्या भएपनी प्रादेशिक अस्पत्ताल बनेपछि सबै संस्थामा सहज औषधिको पहुँच पुग्ने बताउनु भयो ।

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

वडा अध्यक्ष उमेश बुढाले बोल्दै नागरिकको मागका आधारमा विकास योजनाको छनौट भएको बताउँदै विद्यालयको अनुगमन, खानेपानी अभाव जस्ता नागरिकको समस्यामा थप जिम्मेवार भएर अगाडी बढिने बताउनु भयो ।

कार्यक्रममा डेढ दर्जन बढि नागरिकले धारणा, गुनासो र सुझाब राखेका थिए ।

**नगरपालिका बासिहरुको तर्फबाट उठाईएका जिज्ञासाहरु :-**

योजनाको सक्रिय पूर्व अनुगमन हुन नसक्दा गुणस्तमा कमि देखिएको ।

शिक्षा क्षेत्रमा प्रर्याप्त लागनी भएपनी गुणस्तर खस्कँदो रहँदै आएको ।

१. स्थानीय सरकारले प्रदान गरेको सेवा प्रवाह र आर्थिक वर्ष २०८१/८२ को वजेट कार्यान्वयनमा उपभोक्ता समिति गठन विधि, सूचनाको पहुँच नपुगेको, कृषि क्षेत्रमा कम कार्यक्रम र वास्तविक सेवाग्राहीको पहुँच र सहभागीता नदेखिएको ।

२ जनताको प्रत्यक्ष सरोकार सँग जोडिएको सडक, कृषि प्रर्यटनमा अपेक्षाकृत प्रगति नदेखिएको

३. स्थानीय जनताको वजेट कार्यान्वयनमा जनप्रतिनिधिहरुको प्रभाव बढी देखिएको

४. कृषि क्षेत्रको विकासमा हावापानी र माटो अनुसार भुगोल छनौट हुन नसकेको

५. स्थानीय उत्पादनलाई बजारीकरणमा समस्या झेल्नुपरेको

६. वडा तहका समस्याहरु, खानेपानी, पुल पुलेसा, स्कुल, सडक र सुरक्षा इकाई तथा प्रशासनिक क्षेत्ररु चुस्त हुनुपर्ने, जनताको सेवा प्रवाहमा जनप्रतिनिधिहरुको चासो चिन्ता जोडिनु पर्ने सबै काममा जनतासँग छलफल र समन्वयमा जनतासँग जनप्रतिनिधिहरु सहभागी हुनुपर्ने ।

७. साना योजना छरितो तरिकाले भुक्तानीको व्यवस्था हुनुपर्ने ।

८. वडा स्तरमा आएका वजेट कार्यान्वयन र कार्यसम्पादनमा सेवा ग्राहीकाबीचमा समाजिक परीक्षण भेला अनिवार्य गराउनु पर्ने ।

९ सडक निर्माण गर्दा आवस्यक मापण्डण्ड र कम क्षेती हुने गरी बनाउनु पर्ने ।

१० वेरोजगार युवालाई स्वरोजगार कार्यक्रममा सहभागि गराएको सहभागि भएका मध्यबाट पनी ठेकेदार कम्पनीले पारिश्रमिक नदिएका कारण वडा वा पालिकाले सहकार्य गरीदिनुपर्ने

१२ भौतिक सँरचना निर्माण जस्तै (विद्यालय) निर्माण गर्दा वहुवर्षिय नभई एक बर्षमा सकिने गरी निर्माण गर्नुपर्ने ।

१३ वास्तविक कृषकलाई अनुदान र सम्मानका कार्यक्रम ल्याउनु पर्ने ।

१४ बजार क्षेत्रमा बदशाला निर्माण गरिनुपर्ने

१५ बुर्तिबाङ बजारमा सौय बत्ति व्यवस्थापनमा ध्यान दिनुपर्ने

१६ नयाँ शहर आयोजनालाई प्रभावकारी बनाउन नगर विकास समितीको गठन गरिनुपर्ने

१७ सालझण्डी ढोरपाटन सडकलाई छिटो सम्पन्न गर्न पहल गरिनुपर्ने

१८ खानेपानी अभाव रहेका बस्तिमा छिटो खानेपानी व्यवस्थापन गरिनुपर्ने

१९ ढोरपाटन जोड्ने अलपत्र सडकलाई पूर्णता दिन पहल गरिनुपर्ने ।

**सुधारका निम्ती चाल्नुपर्ने कदमहरु :**

# ढोरपाटन सडक समयमा निर्माण हुनुपर्ने

# सडक समस्या रहेका कारण फराकिलो र दिर्घकालीन रुपमा चल्ने सडक विस्तार एव्म मोटरेवल पुन निर्माणका निम्ती पहल गर्नुपर्ने ।

# बाल विवाह रोकथामका निम्ती निरन्तर सचेतना मुलक कार्यक्रम सँगै अभिभाव र विद्यालय स्तरमा चेतना बृद्धि हुने कार्यक्रम गर्दै कानुनलाई कडाईका साथ पालना गनुपर्ने ।

#सबै टोलटोलमा सदाबहार सवारीका साधन पुग्ने सडक सञ्जाल जोडिनुपर्ने ।

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# घरमा सुत्केरी हुने संख्या कम गर्न स्वास्थ्य संस्थामा लैजाने गरी सचेतना र प्रोत्साहन कार्यक्रम ल्याउनु पर्ने ।

# युवा, महिला, दलीत समुदायलाई लक्षित गरी गाउँमै रोजगारी सिर्जना हुने खालका प्राविधिक तालिम, सिपमुलक तालिम र ज्ञान बृद्धि गर्ने कार्य अगाडी बदाउनु पर्ने ।

#कृर्षि र प्रर्यटन क्षेत्रलाई प्राथमिकता दिँदै आर्थिक उर्पाजनको माध्यमलाई अगाडी बढाउनु पर्ने ।

#विद्यालय स्तरमा थप प्राविधिक क्षेत्रको अध्ययन अध्यापनलाई विस्तार गर्ने ।

#शैक्षिक गुणस्तर उकास्न थप विद्यालय अनुगमन, मूल्याँक, उत्कृष्ट विद्यालय पुरस्कृत गर्नेमा ध्यान दिनुपर्ने

*** यसबर्ष गरीएका र गरिने थप कार्यक्रम र सुधारका पक्ष**

* प्रत्यक वडामा स्वास्थ्य क्षेत्रको विस्तार

* बजार अनुगमन, कर्मचारी क्षमता बृद्धि कार्यक्रम गरिएको ।

* नागरिक वडापत्र व्यवस्थित गरिएको ।

* स्वास्थ्य सँस्थामा निशुल्क पाइने सबै प्रकारका औषधिको व्यवस्थापन

* विद्यालयमा इ हाजिरी व्यवस्थापन गरिएको

* शिक्षा तर्फ आइसीटी ल्याब व्यवस्थापन गरिएको

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ

* बाल श्रम तथ्याँक संकलन , रोजागरीको तथ्याँक संकलन गरिएको ।

* विद्यालय व्यवस्थापन समिती नभएको विद्यालयमा समिती गठन

* कृर्षिमा आधुनिकीकरण र उत्पादन तथा व्यवसाहिक कृषकलाई नगद  प्रोत्साहन

* बजार अनुगमन , राजनैतिक दलसंग निरन्तर छलफल र अर्न्तकृया कार्यक्रम गरिएको ।

*  ढोरपाटन उपत्यका लगाएत प्रर्यटकिय सम्भावना बोकेका क्षेत्रको खोजी र प्रर्वधन

*पालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको ।

* वडामा रहेका अधुरा योजना सम्पन्न गरी दिर्घकालीन योजनाको छनौट

* विद्यालय व्यवस्थापन समिती नभएको विद्यालयमा समिती गठन

* कृर्षिमा आधुनिकीकरण र उत्पादन तथा व्यवसाहिक कृषकलाई प्रोत्साहन

* बजार अनुगमन , राजनैतिक दलसंग निरन्तर छलफल र अर्न्तकृया कार्यक्रम गरिएको ।

* कृषि विउपल तथा उन्नत जातका फलफुलका विरुवा तविरण गरिएको  ।

* दुर्गम गाउँमा निः शुल्क स्वास्थय शिविर, नसर्ने रोगको पहिचान गरिएको

* १२ महिना सञ्चालन हुने गरि सडक सञ्जाल जोड्ने प्रयास भइरहेको

* शैक्षिक गुणस्तर उकास्न शैक्षिक अर्न्तकृया कार्यक्रम गरिएको

* संस्थागत सुत्केरी कार्यक्रमलाई प्राथमिकता दिँदा शत प्रतिशत महिलाहरु स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको ।

* पूर्ण खोप गाउँपालिका बनाउने तयारी गरिएको ।

* हल गोरु पाल्ने कृषकलाई प्रोत्साहन मुल कार्यक्रम अगाडी बढाइएको, कृषकलाई मिनिटेलर वितरण गरिएको

* लघु उद्यम, यूवा महिला लक्षित सिप विकास तालिम दिइएको

* ढोरपाटन बोबाङ क्षेत्रमा सरसफाई र सचेतना मूलक कार्यक्रम गरिएको

* पोषण मैत्री पालिका बनाउन विभिन्न सचेतना र एक हजार दिने आमाहरुका निम्ती प्रोत्साहन मूलक कार्यक्रम अगाडी बढाइएको

**ढोरपाटन नगरपालिका कार्यालयको प्रतिवद्धता:**

सार्वजनिक सुनुवाईमा नगरपालिका कार्यालय र वडा समितिका तर्फबाट स्थानीय जनतालाई आफ्नो योजना तथा नीति कार्यक्रमहरुलाई प्राथमिकतामा राख्ने, स्थानीय तह अर्न्तगत ढोरपाटन नगरपालिका कार्यालयले प्रदान गरेको आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयन तथा कार्यालयले प्रदान गरेको सेवा प्रवाहलाई थप व्यवस्थित प्रभावकारी वनाइने, कार्यालयहरुमा नियम, प्रक्रियाबाट जनता अनविज्ञ हुँदा दुःख पाएको जनप्रतिनिधिहरुको भनसुनका आधारमा काम हुने धेरथोर प्रवृत्ति अझै कायम रहेको सन्दर्भमा यसलाई सुधारका लागि पहल गर्ने, जनताबाट जे जति गुनासाहरु आए ति सबै जायज रहेकोले त्यसलाई कम गर्दै जाने र गलत प्रवृत्तिलाई रोक्न नगरपालिका कार्यालयको तर्फबाट आवश्यक पहल गर्ने, जनताको गुनासा र सुझावलाई सम्वोधन गर्न लागि पर्ने र जनप्रतिनिधी संगै जनताप्रति उत्तरदायी हुँदै सक्षम र समृद्ध ढोरपाटन नगरपालिका निर्माण गर्ने प्रतिवद्धता व्यक्त भएको थियो ।

**निष्कर्ष:**

जनउत्तरदायी सरकारको रुपमा आफुलाई परिभाषित गर्ने हो भने जनताको अगाडि गरिने हरेक क्रियाकलापको जस र अपजस दुवै लिन सक्नु पर्छ । समस्या देखि भाग्ने होईन की समाधानको लागि जनताको साथ लिई अग्रणी भूमिका निर्वाह गर्नु पर्छ र समस्या र सवालको उठान तहदेखि निर्णय र कार्यन्वयन तह सम्म कुनै न कुनै रुपमा जनताका प्रतिनिधिको संलग्नता हुनु पर्छ तव मात्र पारदर्शिता र जनसहभागिताको अर्थ र औचित्य हुन्छ र स्थानीय निकायहरु जनता प्रति उत्तरदायि हुन सक्छन् । सामुदायिक रेडियो ढोरपाटनको सहजिकरण  र ढोरपाटन नगरपालिका कार्यालय को आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा हरेक योजना,  कार्यक्रम र बजेटहरु पालिकाका अधिकाशं जनताले जानकारी प्राप्त गर्न सफल भएका छन् । कार्यालयले जनमैत्री ढंगले गरेका काम तथा नगरपालिकाको नवगर  सभाबाट विनियोजित आर्थिक वर्ष २०८१/०८२ को वजेट कार्यान्वयन तथा कार्यक्रम सम्पादनका विषयमा जनतालाई कार्यालयका तर्फबाट सूसुचित गर्ने काम सुरुवात भएका छन् ।

**टिप्पणी तथा सुझाव:**

नगरपालिकाको कार्यालयमा जनताले आफ्नो आवश्यकताको माग तथा जन अपेक्षालाई आवश्यकतालाई संधै प्राथमिकतामा राखेर कार्य गर्नु पर्ने र जनउत्तरदायि सरकारको रुपमा आफुलाई स्थापीत गर्नु पर्ने हुँदा यस सार्वजनिक सुनुवाई कार्यक्रमको आधारमा निम्न सुझावहरु दिन चाहन्छौ ।

- नगरपालिकाको कार्यालय र सेवा प्रवाहको सम्बन्धमा जनताको गुनासो, आक्रोश नआउने ढंगबाट काम कारवाही गर्नु पर्ने ।

- नागरिकका माग सम्वोधन गर्न नसक्ने अवस्था देखिए सोहि बमोजिम नागरिकलाई जानकारी दिई आश्वस्त पार्नु पर्ने । स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउँदै कार्यक्रम अगाडी सार्दै योजना बनाउनु पर्ने

- नगरपालिकाको हरेक योजना निति कार्यक्रममा विनियोजित बजेट पारदर्शी ढंगले सम्पादन हुनुपर्ने, जनतालाइ प्रोत्साहन संगै  आफ्नो पालिकाको विकास निर्माणमा प्रत्यक्ष सहभागी बनाउँदै उनीहरुमा उत्साह भर्ने गरी र आवश्यकतालाई सम्वोधन हुने गरी विनियोजन र अनुदानको व्यवस्था गर्नु पर्ने ।

- जनप्रतिनिधिहरु जनउत्तरदायि बन्नु पर्ने, सेव प्रवाह गर्ने निकायहरु सक्रिय र पारदर्सि बन्नु पर्ने ।

ढोरपाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बुर्तिवाङ, बागलुङ गण्डकी प्रदेश, नेपाल

●वडा तथा नगरपालिकाको कृषि तथा युवा स्वरोजगार कार्यक्रममा जोड दिनुपर्ने

●जनताको चाहना, आवश्यकता अनुसार योजना निर्माण हुनु पर्ने, जनताको सहभागीतामा विकास योजना निर्माण तथा सम्पन्न गर्नु पर्ने ।

●उपभोक्ता समिति मार्फत काम गर्दा सबै सेवा ग्राहीको बीचमा समिति गठन तथा त्यसले गरेका कामहरुमा जनप्रतिनिधिहरुको निगरानी, जन सहभागीतामा गरिनु पर्ने, काम सम्पन्न भएपछि सेवा ग्राहीकै बीचमा सामाजीक परीक्षण गराई वजेट फरछ्यौट गराउनुपर्ने ।

●नागरीकलाई स्वास्थ्य सेवामा थप सुविधा विस्तार गर्न ग्रामिण क्षेत्रमा एम्वुलेन्स सेवा सुचारु गर्नुपर्ने ।

●एक घर एक खानेपानी अभियान, स्वास्थ्य र शिक्षाका कार्यक्रमलाई थप प्रभावकारी वनाउँदै जानुपर्ने

●अति गरीव विपन्न वर्गका निम्ती स्वास्थ्य विमा कार्यक्रमलाई जोड दिनुपर्ने

●कृषि क्षेत्रमा थप व्यवस्थापन र उत्पादन सँग जोड्न कृषक अनुदान सम्मान तथा वाली, पशुचौपायाँको निशुल्क वीमा कार्यक्रमलाई जोड दिनुपर्ने

●शैक्षिक गुणस्तरलाई बृद्धि गर्न नियमित विद्यालय अनुगम, शिक्षक तालिम, उत्कृष्ट विद्यालय प्रोत्साहन लगाएतका कार्यक्रममा आवस्यक पहल गरिनुपर्ने

अन्तमा ढोरपाटन नगरपालिकाले ८ बर्षमा जनताको विचमा रचनात्मक तवरले काम गर्दे आएको पाइएको छ । केहि जटिल तथा साना समस्यालाई जनताको आवस्यकता, बजेट र समस्याको आधारमा सम्वोधन गर्दे जाने छ भन्ने अपेक्षा रहेको छ कर्मचारीको काम गर्ने तरीका, जनप्रतिनिधीको आफनो जिम्मेवारी वोध तथा समग्र टिमको कार्ययोजना र सम्पादन प्रति नागरीकको खास गुनासो नभई केवल विकास , अनुदान र सहयोग जस्ता कार्यमा केहि आशा अपेक्षा रहेको पाइएको छ ।

**अनुसूची -२**

-१ **प्रश्नावली भाग**

**बुँदा नम्बर ३.६.१ सँग संबन्धित**

**नागरीक प्रतिवेदन (CITIZEN REPORT CARD ) सन्तुष्टि वा असन्तुष्टि जनाउने )**

**ढोरपाटन नगरपालिका बागलुङ**

२०८१

उत्तरदाताको नाम र थर :

जातजाती :

लिङ्ग: ( ) महिला ( ) पुरुष ( )

उमेर ..........................

शिक्षा............................................... पेशा ...............................................

ठेगाना.................................................................................. /नगरपालिका ..........................

वडा .......... सम्पर्क ...............

१ सेवाको सन्तुष्टि

१.१ तपाइको यस नगर पालिकाबाट समग्रमा कतिको सुन्तुष्टि पाउनु भयो । ?

सन्तुष्ट ( १६ ) ठीकै ( ३० ) असन्तुष्ट ( ५ )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( १४ ) ठीकै ( ३१ ) अस्तुष्ट ( ३

२ . सेवाको नियमितता :

२.१ नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाइले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( १५ ) ठीकै ( २८ ) असन्तुष्ट ( ८ )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपशिथती , समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विस्वस्त ( २५ ) ठीकै ( १९ ) अविस्वस्त ( ८ )

ढोरपाटन नगरपालिका
ढोरपाटन नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

२.३ तपाँइले सेवालिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन ( ४१ ) एकदमै कम ( ४ ) धेरै तिरेको ( ५ )

२.४ यस पालिकाबाट सार्वजनिक चासो तथा समस्या समाधान गर्न औषत कति दिन लगाउने गरेको छ ?

१ दिन ( १८ ) २ दिन ( १९ ) धेरै दिन ( १२ )

३. सेवाप्रतिको जनविश्वास :

३.१ तपाइको वडाबाट भएका विकास निर्माण अन्य काम प्रति तपाइँ कत्तिको विश्वस्त हुनुहुन्छ ?

विस्वस्त ( ३१ ) ठीकै ( १४ ) अविश्वस्त ( ४ )

३.२ पालिका वा वडाका कर्मचारी प्रति तपाइँ कत्तिको विश्वस्त हुनुहुन्छ ?

धेरै ( ३ ) ठीकै ( २५ ) विश्वास छैन ( १२ )

३.३ तपाइको पालिका वा वडाबाट विपन्न, लक्षित वर्गका निम्ती कुनै कार्यक्रम गरेको थाहा पाउनु भयो ?

थाहा छ ( १९ ) थाहा छैन ( १३ ) अलिअलि थाहा छ ( १३ )

सेवाको गुणस्तर :

४.१ तपाईको वडा कार्यालयमा एउटा कामको निम्ती कति पटक धाउनु पर्‍यो ?

१ पटक ( १३ ) २ पटक ( १० ) सो भन्दा बढि ( १७ )

४.२ तपाई पालिका वा वडा कार्यालयमा काम पर्दा कस्को सहयोग लिनुभयो ?

आफै ( २४ ) ठुलाबडाको ( ८ ) मध्यस्थकर्ता ( ८ )

४.२ तपाइ जानु भएको पालिका कार्यलयबाट सेवालिने क्रममा दिइएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( २६ ) कम सन्तुष्ट ( १८ ) असन्तुष्ट ( ६ )

**सेवा सम्वन्धी जानकारी :**

५.१ वडा कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो( १२ ) ठीकै ( २७ ) नराम्रो ( १ )

५.२ पालिका कार्यालयमा राखिएको नागरीक बडापत्रबार तपाइँलाई जानकारी छ ?

गैरपाटन नगरपालिका
...टन नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

छ ( ३ ) आँसिक जानकारी छ ( ११ ) कुनै जानकारी छैन ( २६ )

५.३ कार्यालय र सेवाग्राही बीचको सम्वन्ध कस्तो छ ?

अति राम्रो ( १२ ) ठीकै ( १९ ) खासै राम्रो छैन ( १९ )

५.४ वडामा छनौट गरीने योजना, विकासका काम , बैठक छलफलमा सीमान्त वर्गको उपश्थिती कति प्रतिशत हुने गरेको छ ?

२० प्रतिशत ( ४ ) ५० प्रतिशत ( १५ ) थाहा छैन ( २१ )

५.५ तपाइँको विचारमा पालिका, कार्यालयमा उजुरी पेटिकाको कुन हदसम्म उपयोग भएको छ ?

धेरै भएको छ ( ० ) ठीकै भएको छ ( ६ ) भएको छैन ( २४ )

सिफारीस सम्वन्धमा :

१.२ कुनै सिफारीसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?

दिएँ ( २ ) थोरै दिएँ ( २ ) मागिएन अर्थात दिइन पनी ( ३४ ) कति दिनुभयो ( )

२.२ पालिकामा राजश्व अर्थात दस्तुर को को सँग माग्ने गरीएको थाहा पाउनु भयो ?

सबै नागरीक सँग ( १५ )

सीमीत वयक्ति सँग मात्र कर उठाउँछन ( २३ )

धेरै वक्यौता रहने गरेको छ ( २ )

**पूर्वाधार तथा सरसफाई सम्वन्धी :**

१.१ पालिका र वडा कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( १६ ) ठीकै ( २२ ) खराव ( २ )

१.२ तपाइँको विचारमा पालिकाले सरसफाई सम्वन्धि तथा जनस्वास्थ्य क्षेत्रमा कस्तो काम गरेको पाउनु भयो ?

नियमित र राम्रो संग ( १६ ) ठीकै गर्छ ( २२ ) नियमित रुपमा गर्दैछ ( २ )

१.३ तपाइको वडा र पालिकामा विकास निर्माणको स्थिती कस्तो छ ?

राम्रो ( १२ ) ठीकै ( १८ ) विकास नै भएन ( १०

गैरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

१.४ तपाइको गुनासो, सुझाव सल्लाह र योजना छनौट गर्दा जनप्रतिनिधीले कत्तिको सुनुवाई गर्नुहुन्छ ?

सबैको अपनत्व हुने गरी काम गर्नुहुन्छ ( १६ ) ठीकै ( १६ ) सुनुवाइनै हुँदैन ( १२ )

१.५ वडा र पालिकामा सञ्चालन गरीएको योजना कत्तिको प्रभावकारी छन ?

प्रभावकारी छन ( १२ ) ठीकै छन ( २६ ) प्रभावकारी छैनन ( २ )

१.६ योजना सम्पन्न पश्चात विल भुक्तानी गर्ने व्यवस्था कस्तो छ ?

सहज ( ११ ) ठीकै ( २३ ) अप्ठ्यारो ( १३ )

१.८ योजना जाँचपास गर्दा प्राविधिकलाई पैसा दिनुपर्छ ?

पर्दैन ( २२ ) मागेरै लिन्छन ( ५ ) रकम नदिए अप्ठ्यरो पार्छन ( ३ )

१.९ गाउँमा योजना सञ्चालन हुँदै गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलै पाइयो ( १३ ) कहिले काँही पाइयो ( २० ) माग गर्दा पनी पाइएन ( ७ )

१.१० स्थानिय निकायको आचारसँहित पालना भएको छ ?

पालना भएको छ ( १८ ) ठीकै पालना भएको छ ( १८ ) कत्ति पालना भएको छैन ( १० )

तल दिइएको प्रश्न मध्ये तपाइँको अनुभव राख्नुहोला :

१.१जनप्रतिनिधीको भुमिका तपाइको समुदायमा कस्तो छ ?

राम्रो ( १८ ) वास्तै छैन ( ७ ) ठीकै ( १५ )

१.२ पालिका प्रमुख, उपप्रमुखको स्थानिय जनताको विचमा भुमिका कस्तो छ ?

राम्रो ( १६ ) जनताप्रति उत्तरदायि नभएको ( १० ) ठीकै ( २३ )

१.३ तपाइको वडामा हुनुपर्ने अवको विकाश निर्माण के हो ?

..........................................................................................................................

१.४ तपाइको पालिकामा सार्वजनिक सुनुवाई कत्तिको भएको पाउनु भयो ?

चौमासीक ( १५ ) अर्धबार्षिक ( ८ ) बार्षिक ( ५ ) थाहा छैन ( २० )

१.५ तपाइको वडा कार्यलयको बार्षिक निति , कार्यक्रम र श्रोतका बारेर जानकारी पाउनु भएको छ ?

जानकारी पाएको छु ( १९ ) ठीकै जानकारी छ ( १४ ) जानकारी पाएको छैन ( ६ )

अनुसूची -३

बहिर्गमन अभिमत ( EXIT POLL ) संकलन गर्ने ढाँचा

बुँदा नम्बर ३.४.१

१. कार्यालय सम्म आइपुग्न लाग्ने समय :

वडा कार्यालय : अधिकतम ३ घण्टा सम्म पैदल यात्रा मार्फत

गाउँपालिका : अधिकतम ७ घण्टा सम्म पैदल यात्रा मार्फत

तपाई पालिकामा व्याक्तिगत काम वाहेक अन्य समयमा जाने गर्नुभएको छ कि कुन कुन कामले जानुभयो ?

..........................................................................................................

| सि.नं. | सेवाको नाम | मूल्याँकन- उपयूक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | आफुलाई आवस्यक पर्ने सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाइँलाई जानकारी भयो ? | अति स्पष्ट ४ | ठीकै १९ | अस्पष्ट १५ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाइको आवस्यकता र | अति धेरै ८ | ठीकै १७ | थोरै ८ |

ढोरपाटन नगरपालिका
ढोरपाटन नगरपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | अपेक्षा कति बुझे जस्तो लाग्यो ? | | | |
| ३ | पालिकाको प्रशासन साखाबाट कस्तो सहयोग भयो ? | अति धेरै ८ | ठीकै १५ | थोरै ७ |
| ४ | सेवा प्राप्त गर्न आवस्यक सूचनाहरु (कागजात, प्रमाणपत्र, विल शुल्क दस्तुर बारे तपाईँलाई सेवा प्रदायक कर्मचारीबाट स्पष्ट पारियो कि पारिएन | अतिस्ष्ट पारियो ४ | ठीकै १६ | अलमल हुने गरी अस्पष्ट पारिदिए १० |
| ५ | तपाइले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाले ३ | ठीकै २२ | वास्तै भएन ४ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रकृया कस्तो लाग्यो | अति सजिलो ५ | ठीकै १८ | लामो र झन्झटिलो ७ |

तपाइँको पालिका र वडा कार्यालयको कुन कुन पक्षमा राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

( जो सँग सम्वन्धित छ खुलाउने )

| राम्रा लागेका कुराहरु | सुधार गनुपर्ने विषयहरु |
|---|---|
| प्रतिवेदन बमोजीम | प्रतिवेदन वमोजीम |

प्रतिवेदक : छविलाल पाण्डे

सामुदायिक रेडियो ढोरपाटन

स्टेशन प्रमुख तथा कार्यक्रम सहजकर्ता :

मिति : २०८२/०८/२९ गते